Regd. No.: 67/050/51 CDO, 1399/050/51 SWC

राष्ट्रिय अपाङ्ग महासंघ–नेपाल
NATIONAL FEDERATION OF THE DISABLED-NEPAL (NFDN)
Member: Disabled Peoples' International (DPI): Asia Pacific Disability Forum (APDF)
(Towards Inclusive, Barrier Free and Rights Based Society for the Persons with Disabilities)

Ref.:

मिति: २०८३ साल असार १५ गते

# प्रेस विज्ञप्ति

**“बागमती प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरूमाथि भएको प्रहरी दमनप्रति राष्ट्रिय अपाङ्ग महासंघ नेपालको गम्भीर ध्यानाकर्षण”**

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेश सरकारले हालसम्म अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्ने आवश्यक ऐन, कानुन तथा नीतिगत व्यवस्था निर्माण नगरेको तथा आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेटमार्फत अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकता, अधिकार र प्राथमिकतालाई पर्याप्त रूपमा सम्बोधन गर्न नसकेको विषयप्रति गम्भीर असन्तुष्टि व्यक्त गर्दछ।

यसै सन्दर्भमा आफ्ना न्यायोचित मागहरू शान्तिपूर्ण रूपमा राख्दै आन्दोलन गरिरहेका अपाङ्गता भएका व्यक्तिहरूमाथि आज प्रहरी प्रशासनबाट गरिएको ज्यादती, दुर्व्यवहार तथा दमनप्रति राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गम्भीर आपत्ति, भर्त्सना तथा निन्दा गर्दछ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई आफ्ना विचार, माग तथा असन्तुष्टि शान्तिपूर्ण रूपमा अभिव्यक्त गर्ने तथा आन्दोलन गर्ने मौलिक अधिकार सुनिश्चित गरेको छ। लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकका यस्ता संवैधानिक अधिकारमाथि राज्यशक्तिको दुरुपयोग गरी दमनकारी व्यवहार गर्नु संविधान, मानव अधिकार, विधिको शासन तथा लोकतान्त्रिक मूल्यमान्यता विपरीतको कार्य हो भन्ने राष्ट्रिय अपाङ्ग महासंघ नेपालको स्पष्ट धारणा रहेको छ।

आज बागमती प्रदेशमा आन्दोलनरत पक्ष पूर्वनिर्धारित धर्नास्थलमा पुग्न खोज्दा प्रहरी प्रशासनले सयौँको संख्यामा सुरक्षाकर्मी परिचालन गरी अनावश्यक अवरोध सिर्जना गरेको तथा प्रहरीका सात वटा सुरक्षा घेरा पार गरी धर्नास्थलमा पुगेका राष्ट्रिय अपाङ्ग महासंघ नेपालका सचिव अश्विन लम्साल, अपाङ्गता अधिकारकर्मी विकास थापा लगायतका आन्दोलनकारीहरुमाथि गरिएको दुर्व्यवहार, अपमानजनक व्यवहार तथा पक्राउ गर्ने प्रयासप्रति महासंघ गहिरो दुःख व्यक्त गर्दछ।

विशेष गरी दृष्टिविहीन व्यक्तिको स्वतन्त्र आवागमन तथा पहिचानको प्रतीकका रूपमा रहेको सेतो छडी खोस्ने, भाँच्ने प्रयास गर्ने, शान्तिपूर्ण आन्दोलनमा बल प्रयोग गर्ने तथा अपमानजनक व्यवहार गर्ने कार्य मानव अधिकार, नेपालको संविधान, प्रचलित कानुन तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (CRPD) को मर्म र व्यवस्था विपरीत रहेको हुँदा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल उक्त घटनाको घोर निन्दा र भर्त्सना गर्दछ।

Central Office: Bhrikutimandap, Kathmandu, Nepal, Post Box No.: 9188, Tel. : +977 1 4231159 Fax : +977 1 4229522
E-mail: info@nfdn.org.np, Website: www.nfdn.org.np

Regd. No.: 67/050/51 CDO, 1399/050/51 SWC
राष्ट्रिय अपाङ्ग महासंघ–नेपाल
NATIONAL FEDERATION OF THE DISABLED-NEPAL (NFDN)
Member: Disabled Peoples' International (DPI): Asia Pacific Disability Forum (APDF)
(Towards Inclusive, Barrier Free and Right Based Society for the Persons with Disabilities)
Ref.:

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेश सरकारसमक्ष निम्न मागहरू तत्काल सम्बोधन गर्न जोडदार आग्रह गर्दछः

१. आन्दोलनरत पक्षले उठाएका न्यायोचित मागहरूलाई तत्काल सम्बोधन गरियोस् ।

२. आन्दोलनका क्रममा भएका घटनाको निष्पक्ष, स्वतन्त्र र पारदर्शी छानबिन गरियोस् ।

३. ज्यादती तथा दमनमा संलग्न जिम्मेवार व्यक्तिमाथि कानुन बमोजिम आवश्यक कारबाही गरियोस् ।

४. भविष्यमा अपाङ्गता भएका व्यक्तिहरूमाथि यस्ता अमानवीय, अपमानजनक तथा दमनकारी घटना दोहोरिन नदिने सुनिश्चित व्यवस्था गरियोस् ।

५. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, सम्मान, पहुँच, समान सहभागिता तथा समावेशी विकास सुनिश्चित हुने गरी आवश्यक ऐन, कानुन, नीति तथा बजेट व्यवस्था तत्काल निर्माण र कार्यान्वयन गरियोस् ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल आन्दोलनरत पक्षका न्यायोचित मागहरूप्रति पूर्ण ऐक्यबद्धता व्यक्त गर्दै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, सम्मान, समान सहभागिता र सामाजिक न्यायका लागि भइरहेको शान्तिपूर्ण आन्दोलनप्रति आफ्नो नैतिक तथा संस्थागत समर्थन रहने प्रतिबद्धता पुनः व्यक्त गर्दछ ।

राज्यका सबै निकायलाई संवाद, सहकार्य र लोकतान्त्रिक मूल्य–मान्यताको सम्मान गर्दै समस्याको शान्तिपूर्ण समाधान खोज्न तथा अपाङ्गता भएका व्यक्तिहरूको संवैधानिक एवं मानव अधिकारको पूर्ण संरक्षण गर्न राष्ट्रिय अपाङ्ग महासंघ नेपाल हार्दिक आग्रह गर्दछ ।

National Federation of the Disabled-Nepal 1993 Kathmandu

............
कुमार रेग्मी
महासचिव

Central Office: Bhrikutimandap, Kathmandu, Nepal, Post Box No.: 9188, Tel. : +977 1 4231159 Fax : +977 1 4229522
E-mail: info@nfdn.org.np, Website: www.nfdn.org.np
"Nothing About Us Without Us"